आर्थिक वर्ष : २०८१/८२
बैठक संख्या :१५

आज मिति २०८२/०१/२६ गतेका दिन बिरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थितिः

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य.
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्गा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

अन्य उपस्थिति

श्रीं पिताम्बर पोखेल प्रशासकीय अधिकृत
श्री दिपक ढुङ्गाना सहायक प्रशासकीय अधिकृत
श्री शंकर चापागाई सहायक लेखा अधिकृत
श्री रमेश कार्की कार्यालय सहयोगी

CamScanner

(मिति २०८२/०१/२६)

प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १

आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रम निर्माणका लागि स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको सिफारिस सम्बन्धमा।

निर्णय नं. १

बिरुवा गाउँपालिकाको आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रम निर्माणका लागि स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले कार्यपालिका समक्ष सिफारिस गरेको स्रोत अनुमान तथा विषयक्षेत्रगत र वडागत बजेट सिमा स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले गरियो।

प्रस्ताव नं. २

बिरुवा गाउँपालिकाको आयोजनाको बैंक निर्माण सम्बन्धमा।

निर्णय नं. २

बिरुवा गाउँपालिकाको आवधिक योजना, गाउँपालिकाको क्षेत्रगत आवश्यकता लगायत विविध पक्षलाई समेटेर आयोजना बैंकको मस्यौदा निर्माण गर्न तपसिल बमोजिम सदस्य रहने गरी एक समिति गठन गर्ने निर्णय गरियो।

तपसिल :

पिताम्बर पोखेल – प्रशासकीय अधिकृत

भेष बहादुर जि.टी. – प्रशासकीय अधिकृत

प्रमिला पौडेल – ईन्जिनियर

दिपक ढुङ्गाना – सहायक प्रशासकीय अधिकृत

शंकर चापागाई – सहायक लेखा अधिकृत

प्रस्ताव नं. ३

"घ बर्गको निर्माण व्यवसायी ईजाजत प्रदान सम्बन्धमा।

निर्णय नं. ३

बिरुवा गाउँकार्यपालिका कार्यालयमा रितपूर्वक घ बर्गको निर्माण ब्यावसायी ईजाजतपत्रको लागि निबेदन पेश गरेको र बिरुवा गाउँपालिकाको "घ बर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धी कार्यविधि,२०७४" (पहिलो संशोधन २०७९) बमोजिम प्रक्रिया पुरा गरेको तपसिल फर्मलाई सो कार्यविधिको दफा २ बमोजिम ईजाजतपत्र प्रदान गर्ने सर्वसहमतिले निर्णय गरियो ।

CamScanner

तपसिल :

समय निर्माण सेवा, बिरुवा १ स्याङ्जा।

प्रस्ताव नं. ४

विविध

निर्णय नं. ४

क. बिरुवा गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गाउँपालिका स्तरीय फुटकर योजना बजेट शीर्षकबाट तपसिल योजनाहरु कार्यन्वयन गर्ने निर्णय गरियो।

तपसिल :

| क.स. | योजनाको नाम/विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| १. | खुदी खानेपानी जामरुङघाट ईनटेक निर्माण | १५,०००/- | |
| २. | खुदी खानेपानी तल्लो जामरुङघाट ईनटेक निर्माण | १५,०००/- | |
| ३. | गोब्रेखोला खानेपानी मुहान संरक्षण | १५,०००/- | |

ख. बिरुवा गाउँपालिकामा उल्लेखित संस्थाले तपसिल बमोजिमको कार्यक्रम गर्नेगरी प्रस्ताव गरेकोले तपसिल बजेट शीर्षकबाट उल्लेखित रकम सहयोग गर्ने निर्णय गरियो।

तपसिल

| क.स. | कार्यक्रमको नाम/विवरण | बजेट शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल चिकित्सक संघद्धारा भिरकोट स्वास्थ्य चौकीमा आयोजना हुने स्वास्थ्य शिविर | कार्यक्रम खर्च | ६०,०००।- | खाना, खाजा र यातायात व्यवस्थापन |

ग. बिरुवा गाउँपालिका कार्यालयमा प्रशासन सहायक (सहायक चौथो) पदमा कार्यरत श्री खुम बहादुर थापा कार्यालय कामको शिलशिलामा रहँदा मिति २०८१/१२/०८ गते सवारी दुर्घटनामा परी घाईते भएको र २०८२/०१/०९ गतेसम्म अस्पतालमा उपचारको क्रममा रहनुपरेकोले निज कार्यालयमा उपस्थित हुन नसकेकोले निजलाई उक्त अवधिको नियमानुसार हुन आउने तलव भत्ता भुक्तानी गर्ने निर्णय सर्वसहमतीले गरियो।

घ. बिरुवा गाउँपालिका वडा नं. ६ स्थित सुरुङ क्वादी चिन्नेवास सडक स्तरोन्नतीका लागि श्री आँधिखोला ईन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्ट्रक्सन प्रा. ली. संग मिति २०८१/११/०९ मा

निर्माण सम्झौता (ठेक्का नं. NCB/BRM/WORKS/007/2080/81) भई निर्माण कार्यसम्पन्न भएको तथा उक्त सडकको गुणस्तर तथा परिमाणको अनुगमन गर्दा प्राविधिक लगत ईस्टिमेट अनुसार नै कार्यसम्पन्न भएको पाईएकोले प्राविधिक शाखाबाट तयार अन्तिम मूल्याङ्कनको विलअनुसारको रकम रु ५७,०१,८३४.०२/- (vat, PS र Contengencies समेत) नियमानुसार भुक्तानी प्रक्रिया अगाडी बढाउने सर्वसम्मतिले निर्णय गरियो।

ङ. बिरुवा गाउँपालिका वडा नं. ७ बस्ने मोहन बहादुर विश्वकर्माको आरन २०८१ असारमा आएको बाढी पहिरोबाट पूर्णरुपमा नष्ट भएको तथा निजको परिवारको आर्थिक अवस्था कमजोर भएकोले उक्त परिवारलाई आरन निर्माणका लागि फुटकर योजना शिर्षकबाट रु २५,०००/- उपलब्ध गराउने निर्णय गरियो।